केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

## बहुक्षेत्रीय पोषण कार्यक्रम स्वयंसेवक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१८)

युरोपियन युनियनको आर्थिक सहयोगमा यस केपिलासगढी गाउँपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि आवश्यक बहुक्षेत्रीय पोषण स्वयंसेवक पद (करार) मा पदपूर्ति गर्नु पर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| सूचना नं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| ०२ | ०४।२०७९-८० | बहुक्षेत्रीय पोषण कार्यक्रम स्वयंसेवक | १ (एक) |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण उतीर्ण गरेको।

ख. अनुभव र सीपः बहुक्षेत्रीय पोषण कार्यक्रम स्वयंसेवकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ।

- सामुदायीक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव हासिल गरेकोलाई प्राथमिकता दिइनेछ।

ग. उमेरः कम्तीमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

घ. सम्बन्धीत स्थानीय तहमा बसोवास गरेको हुनुपर्नेछ।

ङ. प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ।

२. **दरखास्त दिने स्थानः** केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला, खोटाङ (प्रशासन शाखा)।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९।०५।०२ गते कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट)।

४. **दरखास्त फारम र आवेदन दस्तुर** रु. ४००।– कार्यालयमा बुझाइ भौचर साथ आवेदन लिन सकिने अथवा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बाक्सिलामा रहेको केपिलासगढी गाउँपालिकाको **आन्तरिक राजश्व खाता नं.** २०६०१००३०१०१०००५ मा रकम जम्मा गरि सक्कलै भौचर संलग्न राख्नु पर्ने।

५. **छनौटको किसिमः** लिखित र मौखिक परीक्षा।

६. **आवेदन साथ संलग्न आवश्यक कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजको प्रतिलिपिहरुः

- नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि।
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपिहरु।
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
- अनुभव खुल्ने कागजातहरु।
- २ प्रति पासपोर्ट साइजको फोटो।

७. **सेवा सुविधाः** बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरु बमोजिम हुनेछ।

८. **सम्पादित गर्नु पर्ने कार्यविवरणः** बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुको अनुसूची-३ बमोजिम हुनेछ।

९. **परीक्षाको मिति र समय :** पछि तोकीनेछ।

(**नोटः** आवेदन दिन आउँदा सक्कल कागजात साथमा लिई आउनु पर्नेछ। बहुक्षेत्रीय पोषण कार्यक्रम स्वयंसेवक पदको कार्यविवरण लगायत अन्य जानकारी केपिलासगढी गाउँ कार्यपालिकाको प्रशासन शाखामा उपलब्ध हुनेछ।)

२०७९/०४/१८

अजम्बर राई

प्रमुख प्रशासकीय अधिकृत